स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



थ्रीलर फिल्म "अभिमन्यु" लाई सोमबार प्रिमियर गरियो, जहाँ अतिथिले फिल्म हेरे। फिल्मको अन्त्यतिर दर्शकले एक सरप्राइज पाए, जहाँ रेखा थापाको प्रवेश अनपेक्षित थियो। निर्माताले थापाको "विशेष भूमिका" लाई लुकाएका थिए। तर, प्रिमियरमा यस कुराको खुलासा मात्र भएन, निर्माताले दोस्रो अध्याय निर्माण गर्ने कुराको पनि संकेत गरेका छन्। दाइजो प्रथा र त्यस पृष्ठभूमिमा कथा अघि बढ्दै जाँदा थापा अनुसन्धान अधिकृतको रुपमा फिल्ममा प्रवेश गर्छिन्। उनको उक्त प्रवेशले कथा अझै लम्बिने देखिन्छ।

आजको विचार...



जनतालाई... (दुई पेजमा)

अनुसा थापा

अभिनय मात्र होइन, फिल्मका अन्य विधामा पनि बेनिशा हमालको सक्रियता लोभलाग्दो देखिन्छ। उनी कार्यकारी निर्मात्री रहेको फिल्म "द ब्लू लाइट" को प्रदर्शन १० पुसदेखि हलहरुमा हुँदैछ। यसबीच, उनले आफू लिखित र निर्देशित छोटो फिल्म "मिसिङ ब्राइड" दर्शकमाझ ल्याएकी छन्। लेखन, निर्माण र निर्देशन सबै विधामा आफ्नो पहिलो अनुभव रहेको उल्लेख गर्दै बेनिशाले सामाजिक सञ्जालमार्फत उक्त छोटो फिल्मको लिंक सेयर गरेकी छिन्।



❐ वर्ष ३१ अंक १२६ ❐ २०८२ मंसिर १७ गते बुधबार 3 December 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### गोली चलाउदा १० जना अफगानको मृत्यु

(रासस/सिन्हुवा),**काबुल(अपगानिस्तान)**, मङ्सिर १६/पश्चिमी अफगानिस्तानको फराह प्रान्तको इरानी सीमामा सुरक्षाकर्मीले अफगान नागरिक माथि गोली चलाउदा १० जना अफगान नागरिकहरूको मृत्यु भएको प्रान्तीय प्रहरी कार्यालयले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । प्रान्तीय प्रहरी प्रवक्ता मावलवी मोहम्मद नासिम बद्रीले विज्ञप्ति मार्फत फराह प्रान्तका अफगान बासिन्दाहरू इरानमा प्रवेश गर्ने प्रयास गरिरहेको अवस्थामा इरानी सीमाका खटिएका सुरक्षाकर्मीहरुले गोली चलाए पछि उनीहरूको घटना स्थलमै मृत्यु भएको बताएका छन् ।


इरानले यस बर्ष मात्र हजारौं अफगानहरूलाई निष्कासन गर्दै कानुन बमोजिम कागजातहरू बिना देशमा बसोबास गर्ने विदेशी नागरिकहरूलाई देश छोड्न आग्रह गरेको छ । यसको बाबजुद, पनि धेरै अफगानहरू बेरोजगारी र गरिबीबाट बच्न दैनिक आृनो मातृ भूमि छोडेर इरान लगायत अन्य देशमा जाने गरेको जनाइएको छ ।

# अपाङ्गमैत्री संरचना नहुँदा अपाङ्गता भएकाहरुलाई सकस

**रामचन्द्र रायमाझी**

**पाल्पा, मंसिर १६/** जिल्लाका अधिकांश सरकारी र गैर सरकारी कार्यालय अपाङ्गमैत्री नहुँदा अपाङ्गता भएकालाई सेवा लिन सास्ती भोग्नु परेको छ । अधिकांश पालिकाका कार्यालयमा अपाङ्गमैत्री संरचना नहुँदा सेवा लिन निकै समस्या भोग्नु परेको अपाङ्गता भएकाको दुखेसो छ ।

आवाज उठ्न थालेको वर्षौं भइसक्दा पनि यहाँ स्थानीय सरकारले अपाङ्गमैत्री भौतिक संरचना अझै तयार गर्न सकेका छैनन् । सरकारी सेवाहरू दृष्टिविहीन तथा अपाङ्गतामैत्री गर्ने विषयमा यहाँका स्थानीय सरकारले बेवास्ता गरेका छन् । उनीहरुले स्रोतसाधनको अभाव देखाउँदै सेवा प्रवाहमा बेवास्ता गरेका हुन् ।यहाँका स्थानीय तहमा यसअघि निर्माण भएका भवन र शौचालय कुनै पनि अपाङ्गतामैत्री छैनन् । जसले गर्दा यी कार्यालयमा सेवा लिन पुग्ने गरेका आपाङ्गता भएका सेवाग्राहीले अन्य नागरिक सरह सेवा लिन समस्या भएको गुनासो गर्ने गरेका छन् । पालिकाहरुमा



सेवा लिन जाँदा अपाङ्गता मैत्री भवन र शौचालय नहुँदा जहिले पनि अृठ्यारो व्यहोर्नु परेको अपाङ्गता भएका व्यक्तिहरूको भनाइ छ । रिब्दीकोट गाउँपालिकाका-४ रानीठाटीका गकुलसिं कुंवरका दुई वटै खुट्टा चल्दैनन् । ८ वर्षअघि रुखबाट लडेर उनी शारीरिक अपाङ्ग भएका थिए । उनले सरकारी सेवा लिन कार्यालयमा जाँदा होस् वा सवारी साधानमा यात्रा गर्दा धेरै समस्या झेल्नुपरेको गुनासो गर्छन् । अपाङ्गताको पीडा अपाङ्गताले नै बुझ्छन् र यसका लागि आवाज आफैंले उठाउनुपर्ने उनले बताए । कुंवरले भने, 'सम्बन्धित निकायमा बारम्बार ढोका ढक्ढकाउँदा पनि अपाङ्गतामैत्री संरचना निर्माण हुनुपर्ने र गाडीहरुमा यात्रा गर्दा सहज गरिदिनुपर्ने मागको सुनवाइ हुँदैन । बोल्न सक्नेको त केही कुरा सुनिँदैन भने निमुखाहरू अझ कति पीडित होलान् ?' सानैमा लडेर कम्मरबाट तल दुवै खुट्टा नचल्ने तानसेन-६ की सुमित्रा कुमाल पनि अपाङ्गता परिचय पत्र लिन तानसेन नगरपालिकामा पुगिन् । ह्वीलचियरको सहारामा हिड्नुपर्ने उनलाई दाईले बोकेर कार्यालय प्रमुखसम्म पुऱ्याए । काम सकेर बाहिर आउँदा पनि उनलाई बोकेर ल्याइयो, तर घरसम्म भने दाईले नै गाडीमा राखेर पुऱ्याए । 'दैलौमै सिंहदरबार आयो भन्छन्, सजिलै सेवा पाइन्छ भन्थे', सुमित्राले भनिन्, 'हाम्रा लागि त केही पनि आएन, नगरपालिकामा सेवा लिन जाँदा धेरै कष्ट पार गर्नुपर्छ ।' स्थानीय सरकारमा जनप्रतिनिधि आएपनि आफूहरु जस्ता अपाङ्गता भएकाहरुका लागि सहजै सेवा पाउने अवस्था नभएको उनको गुनासो छ । कार्यालयमा गएर नगर प्रमुखलाई भेट्न पनि अरुको पिठ्युँमा बुई चढेर जानुपर्ने बाध्यता रहेको सुमित्राले एनजेडीसँगको कुराकानीमा दु:खेसो पोखिन् । अपाङ्गतामैत्री भवन नहुँदा नगरपालिकामा सेवा लिन पुग्ने अपाङ्गता भएका व्यक्तिले सास्ती भोग्ने गरेका छन् । तानसेन नगरपालिका पूरानो संरचना हो । यसमा २०४० सालताका निर्माण भएको भवन छ । यहाँ नगरप्रमुख तेस्रो तल्लामा बस्छन् । उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत दोस्रो तल्लामा बस्छन् । जसोतसो कार्यालयभित्र पुगे पनि माथिल्लो तल्लामा जान अपाङ्गता भएकालाई समस्या हुने गरेको छ ।तानसेन नगरपालिका मात्रै होइन यहाँका रामपुर नगरपालिका, बगनासकाली गाउँपालिका, रिब्दीकोट, रैनादेवी छहरा, तिनाउ, माथागढी, रम्भा, पूर्वखोला र निस्दी गाउँपालिकामा पनि उस्तै समस्या रहेको छ । अपांगता भएकालाई कार्यालय प्रमुख, जनप्रतिनिधि भेट्न सक्ने अवस्था छैन । अधिकांशका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीयको कक्ष दोस्रो तल्लामा छ । बगनासकाली गाउँपालिका र पूर्वखोला गाउँपालिका ( दुवैको नयाँ भवन बनेपछि) भने लिफ्टको व्यवस्था छ । लिफ्ट नै भए पनि अपांगता भएकाहरूका लागि अपांगमैत्री संरचना नभएपछि एक वा अन्यलाई भेट्न जान समस्या हुने गरेको छ । नयाँ संरचना निर्माण गरिएको रामपुर नगरपालिकामा पनि जान सकस छ । सीमित स्रोतसाधनबाटै सरकारी सेवा अपाङ्गतामैत्री रूपमा प्रदान गर्न सकिने भए पनि सरकारले संवेदनीशलता नदेखाएको सिर्जनशील अपाङ्गता स्वावलम्वन केन्द्र तानसेन, काजी पौवाका अध्यक्ष सन्दिप भट्टराईको भनाइ छ । 'हामीले उठाएका यी विषय बहसको मात्रै बन्नु अपाङ्गताप्रति राज्यको विभेद हो', उनले गुनासो गरे । सार्वजनिक संरचना र स्थानीय सरकार अपाङ्गतामैत्री नहुँदा सेवा लिन जाँदा अपाङ्गता भएकाहरुले सास्ती खेप्नु परेको भट्टराईले बताए ।

## वातावरण स्वच्छ राखौं ।

-धुवाँ तथा धुलो उडाउने कार्य नगरौं,
-फोहोर तथा प्लास्टिकजन्य पदार्थ नजलाऔं,
-जथाभावी फोहोर नफालौं,
-कुहिने र नकुहिने फोहर छुट्याएर व्यवस्थापन गरौं,
-घर, टोल तथा सडक सफा राखौं,
-घर वरपर बोटविरुवा लगाऔं,
-सवारी साधनबाट निस्किने धुवाँ नियन्त्रण गरौं,
-वातावरण प्रदूषण नियन्त्रणका लागि सामूहिक प्रयास गरौं ।
सफा वातावरण, स्वस्थ जीवन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आज अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाइँदै

**हाम्रा संवाददाता**

**पाल्पा,** मंसिर १६/ ३४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस विश्वभरि विविध कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष डिसेम्बर- ३ का दिन मनाइने अन्तर्राष्ट्रिय अपाङ्गता दिवस नेपालमा पनि विभिन्न जनचेतनामूलक तथा सिर्जनात्मक कार्यक्रम गरी मनाउन लागिएको हो ।

सन् १९९२ देखि अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउन थालिएको हो भने नेपालमा भने सन् १९९३ देखि यो दिवश मनाउन थालिएको पाइन्छ । विश्व स्वास्थ्य संगठन र विश्व बैंकद्वारा सन् २०११ मा प्रकाशित पछिल्लो अपाङ्गता सम्बन्धी विश्व प्रतिवेदनानुसार संसारमा कुल जनसंख्याको १५ प्रतिशत मानिस कुनै न कुनै रूपमा अपाङ्गताको अवस्थामा बाँचिरहेका छन् । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले जनाए अनुसार अपाङ्गता भएका व्यक्ति ८० प्रतिशत विकासोन्मुख देशमा रहेका छन् । अपाङ्गता भएका व्यक्तिहरुले गरेको सकारात्मक र उपलब्धिमूलक कथाहरुलाई




पनि आज विश्व समूदायले विभिन्न माध्यम मार्फत् अवलोकन र श्रवण गर्ने गर्दछन् भने अर्कोतर्फ अपाङ्गतामैत्री समाज अनि संरचनाका लागि पैरवी पनि गरिन्छ । हरेक सरकार अनि संगठनहरुले अपाङ्गता भएकाहरूलाई प्राथमिकतामा राख्ने अनि समान वातावरण दिने प्रतिवद्धता राखेका हुन्छन् र ति वाचा गरेका कुराहरू उपलब्धिका रूपमा कति प्राप्त भए वा भएनन भन्ने समिक्षा पनि आजको दिन गर्ने गरिन्छ । समावेशी र समान समाजको परिकल्पना नै आजको टड्कारो आवश्यक्ता हो । नेपाल सरकार लगायत विभिन्न सरकारी र गैर सरकारी संस्थाहरुले अपाङ्गताका लागि धेरै परियोजना कानुनत: पैरवीहरु गरिरहेका छन् । नेपालमा अपाङ्ता भएका व्यक्तिहरुको यकिन तथ्याङ्क कति छ भनेर नेपाल सरकारलाई अवगत छैन । अपाङ्गता भएका व्यक्तिहरुको ठोस आँकडा सरकारी निकायसँग नहुँदा उनीहरुको समग्र विकासका लागि गरिने लगानी एकातिर व्यर्थ हुने गरेको छ भने अर्कोतिर उनीहरुको विकासका लागि अन्तर्राष्ट्रिय समुदायले गर्ने लगानी फिर्ता हुने गरेको छ । अपाङ्गतालाई अर्थात् "अपाङ्ता भएका व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक, ईन्द्रीय वा रक्त र स्नायु सम्बन्धी दीर्घकालीन विचलन, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा भौतिक र सञ्चार समेतको विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ । एक अध्ययनले देखाए अनुसार ७० वर्ष भन्दा माथिका हरेक व्यक्तिहरूले औसतमा झन्डै आफ्नो जीवनको ११ प्रतिशत आयु कुनै न कुनै रूपमा मानसिक वा शारीरिक कार्य सीमिततामा बाँच्नु पर्छ, जुन अपाङ्गताको अवस्था हो । अपाङ्गता जसलाई पनि जुनसुकै वेला पनि हुन सक्छ तर यसरी आएको शारीरिक वा मानसिक परिवर्तनलाई मात्रै अपाङ्गता भनिँदैन ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## औपचारिकतामै सिमित नहोस् अपाङ्गता दिवस

अन्तर्राष्ट्रिय अपाङ्गता दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी आज मनाइँदै छ । अपाङ्गता भएका व्यक्तिहरुलाई उनीहरूको हक अधिकारको सुनिश्चितता गर्न, जनमानसमा चेतना फैलाउन, उनीहरूको पहिचान, आत्मसम्मान र स्वाभिमानलाई विश्वभर उठाउन सन १९९२ देखि अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाउन थालिएको हो ।

नेपालले पनि सन् १९९३ देखि हरेक वर्ष विभिन्न कार्यक्रमहरू गरी यो दिवस मनाइँदै आएको छ । तर अपाङ्गता भएका व्यक्तिका पीडा भने ज्यूँकात्यूँ छन् । अपाङ्गता भएका व्यक्तिका लागि काम गर्ने भनेर नेपालमा थुप्रै सरकारी तथा गैरसरकारी संघ संस्थाहरु सक्रिय भए पनि तिनीहरुले प्रभावकारी काम गर्न सकिरहेका छैनन् । ति संस्थाहरुले अपाङ्गता भएका व्यक्तिलाई समुदायमा पुन:स्थापना र परिचालन गर्न धेरै लगानी गरे पनि अपाङ्गता भएका व्यक्तिको अवस्थामा भने खासै परिवर्तन आउन सकेको देखिदैन । नेपाली समाजमा दिनैपिच्छे विभिन्न दिवस मनाउने गरिन्छ । औपचारिक रुपमा दिवस मनाउँदा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षण भइरहेको भ्रम पर्न जान्छ । तर, हाम्रै गाउँसमाजमा अपाङ्ग व्यक्तिहरुको नियति भने बिल्कुलै फरक छ । उनीहरुलाई अझै पनि पारिवारिक बोझका रुपमा तिरस्कार गरिएका र दाम्लो/सिक्रीले बाँधेर पशुवत् व्यवहार गरिएका उदाहरणहरु प्रशस्तै भेटिन्छन् । अपाङ्गतासम्बन्धी जेजति गतिविधि भइरहेका छन्, त्यो पर्याप्त छैन । समाजमा अपाङ्गता भएका व्यक्तिहरुले भोग्नुपरेका यावत् समस्या सम्बोधन हुन सकेको छैन । सरकारले अपाङ्गता भएका व्यक्तिहरुका लागि खासै सेवासुविधा प्रदान गर्न सकेको छैन । अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक स्थिति पनि अत्यन्त नाजुक अवस्थामा छ । मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण परिवर्तन आए पनि अपाङ्ता भएका व्यक्तिहरुसम्बन्धी विशेष व्यवस्था भने हुन सकेको पाइएको छैन । सरकारी कार्यालय समेत अझैसम्म अपाङ्गमैत्री बन्न नसकेको अवस्था छ । यसर्थ समाजमा अपाङ्गता भएका व्यक्तिहरुले भोग्नुपरेका यावत् समस्या सम्बोधन गर्न सके मात्र हरेक वर्ष मनाइँने दिवसले सार्थकता प्राप्त गर्न सक्छ अन्यथा दिवस औपचारिकतामै सिमित बन्ने छ ।

### Opinion @ Socia Network

जिन्दगीको यात्रा पनि अचम्मको छ केही नलिएर आउँछौ हरेक चिजको लागि लड्छौं र अन्त्यमा सबै छोडेर जान्छौं

(शिव ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/shivadhakal)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जनतालाई एकातिर चुनावको आश, अर्कोतिर मँहगी बढ्ने त्रास



**अनुसा थापा**

सरकारले आउँदो फागुन २१ गते चुनाव तोकेको छ। चुनावमा भाग लिनका लागि नयाँ दल र पुराना दलले नै निर्वाचन आयोगमा दल दर्ता गरिसकेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले चुनावमा शान्तिसुरक्षाका निम्ति सेना परिचालन गर्न स्वीकृति प्रदान गरिसकेका छन् । अहिलेको माहौलले तोकेकै मितिमा निर्वाचन हुने संकेत देखाएको छ । जनताको मनमा पनि फागुन २१ गते नै चुनाव हुन्छ भन्ने परेको छ । एकातिर जनता चुनाव हुनेमा खुशीमा छन् भने अर्कोतिर मँहगी बढ्ने डरले पनि उत्तिकै सताएको छ । चुनावमा उठ्ने उम्मेदवारले धेरै खर्च गर्नुपर्छ । राजनीतिक दलहरुले चुनावको बेला पैसाको खोला बगाउँछन् ।

उनीहरुले त्यो पैसा उठाउने भनेको व्यापारीसँग हो । व्यापारीबाट चन्दा लिएर उनीहरु चुनावमा जान्छन् । अनि त्यसको मार खेप्नेचाँहि सँधै जनता हुन्छन् । व्यापारीलाई राजनीतिक दललाई दिएको चन्दा उपभोक्ताबाट उठाउँछन् । उनीहरुले मँहगी बढाउँछन् र जनता ठग्छन् । विगतदेखि नै यहीं हुँदै आएको छ । राजनीतिक दलले व्यापारीबाट चन्दा उठाउँछन्, उनीहरुलाई काखी च्याप्छन् । त्यसपछि व्यापारीलाई के चाहियो ? राजनीतिक दलको संरक्षण भएपछि न कर तिर्नुपर्यो न तोकिएको मूल्यमा सामान बेच्नुपर्यो । उनीहरुले कर नतिर्दापनि सरकार हाइसञ्चो मानेर बस्छ । उनीहरुले चन्दा दिएरै पालेको दल सरकारमा गएपछि कसले के गर्ने ? उपभोक्ता एक सयको सामान पाँच सय रुपैयाँ हालेर खरिद गर्न बाध्य हुँदा पनि नियमनकारी निकाय आँखामा पट्टी बाँधेर बस्छ । बजार अनुगमन त नाममै सीमित हुन्छ । जसलाई पुष्टि गर्न धेरै उदाहरणहरु छन् । भाटभटेनी साहु मीनबहादुर गुरुंगले राज्यलाई तिर्नुपर्ने अर्बौं रुपैयाँ कर तिरेका छैनन् । सर्वोच्च अदालतले आदेशको समेत अवज्ञा गर्दै उनले कर नतिरेका हुन् । तर, उनले केही करोड खर्च गरेर एमालेलाई पार्टी कार्यालय बनाइदिने घोषणा गरे । त्यति गर्दिएपछि त राज्यलाई कर नतिरेपनि भो ।

> *बजार अनुगमन त नाममै सीमित हुन्छ । जसलाई पुष्टि गर्न धेरै उदाहरणहरु छन् । भाटभटेनी साहु मीनबहादुर गुरुंगले राज्यलाई तिर्नुपर्ने अर्बौं रुपैयाँ कर तिरेका छैनन् । सर्वोच्च अदालतले आदेशको समेत अवज्ञा गर्दै उनले कर नतिरेका हुन् । तर, उनले केही करोड खर्च गरेर एमालेलाई पार्टी कार्यालय बनाइदिने घोषणा गरे । त्यति गर्दिएपछि त राज्यलाई कर नतिरेपनि भो । विगतदेखि चल्दै आएको परिपाटी यही नै हो । अर्बौं छल्ने, करोडमा टार्ने । जसका कारण राज्यलाई ठूलो नोक्सानी भइरहेको छ भने कानुनी राज्यमा दण्डहीनताले प्रश्रय पाएको छ । उपभोक्ता तोकिएभन्दा बढी मूल्य तिरेर सामान प्रयोग गर्न बाध्य छन् । राजनीतिक दलहरु निर्वाचन आयोगमा गएर दल दर्ता गर्छन् । व्यापारीहरुसँग पैसा माग्छन्, चुनाव लड्छन् । चुनाव जित्छन्, सत्तामा पुगेर भ्रष्टाचार गर्छन् । बिना लगानी राजनीतिक दलहरुले कमाइरहेका छन् भने जनताचाँहि ठगिएका छन् । राजनीतिक दल भट्टी पसलभन्दा पनि गयगुज्रिएका भए । भट्टी पसलेले लगानी गर्छ । त्यहाँ सामान बनाएर बेच्छ, भाडा माझ्छ ।*

विगतदेखि चल्दै आएको परिपाटी यही नै हो । अर्बौं छल्ने, करोडमा टार्ने । जसका कारण राज्यलाई ठूलो नोक्सानी भइरहेको छ भने कानुनी राज्यमा दण्डहीनताले प्रश्रय पाएको छ । उपभोक्ता तोकिएभन्दा बढी मूल्य तिरेर सामान प्रयोग गर्न बाध्य छन् । राजनीतिक दलहरु निर्वाचन आयोगमा गएर दल दर्ता गर्छन् । व्यापारीहरुसँग पैसा माग्छन्, चुनाव लड्छन् । चुनाव जित्छन्, सत्तामा पुगेर भ्रष्टाचार गर्छन् । बिना लगानी राजनीतिक दलहरुले कमाइरहेका छन् भने जनताचाँहि ठगिएका छन् । राजनीतिक दल भट्टी पसलभन्दा पनि गयगुज्रिएका भए । भट्टी पसलेले लगानी गर्छ । त्यहाँ सामान बनाएर बेच्छ, भाडा माझ्छ । राज्यलाई कर तिर्छ, कमाएको नाफाले आफ्नो परिवार पाल्छ। तर, राजनीतिक दल त दिउँसै रात परेको भरमा जिन्दगीभरलाई पुग्ने सम्पत्ति जोडिरहेका छन्। जनतालाई यो गर्छु, त्यो गर्छु भनेर आश्वासन दिन्छन्। जनताले पनि होला त भनेर भोट दिन्छन्। अन्त्यमा त्यही जनता ठगिनुपर्छ, लुटिनुपर्छ । आफ्नो मौलिक अधिकारका लागि पनि पाइलापाइलामा दु:ख पाउनुपर्छ । २०७९ मंसिर ४ गते प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचन गर्दा २७ अर्ब रुपैयाँ भयो। जनताले तिरेको कर र वैदेशिक ऋण ल्याएर चुनाव गरिएको थियो। सो निर्वाचनमा काँग्रेसले ८९ र एमालेले ७८ सीटमा जीत हासिल गर्‍यो ।

माओवादीले ३२ सीट पायो। तर, ३२ सीटे माओवादीले काँग्रेसलाई सरकार बनाउन दिएन। जालझेल गरेर माओवादीका अध्यक्ष पुष्पकमल दाहालले पुस ११ गते प्रधानमन्त्रीको शपथ खाए । कहिले काँग्रेससँग र कहिले एमालेसँग टाँसिएर प्रचण्डले आफ्नो नेतृत्वमा सरकार बनाए । आफूसँग जादु छ र पाँच वर्ष आफू नै प्रधानमन्त्री हुने हो भन्ने ठोकुवा प्रचण्डले गरेकोमा चुनाव भएको ३३ महिनामा नै संसद् विघटन भयो । १० वर्षे जनयुद्धमा माओवादीले १७ हजारको ज्यान लियो । हजारौं घाइते, अपांग र बेपत्ता भए । जनताले तिरेको करले बनेको संरचनामा दनदनी आगो बालियो । खर्बौंको क्षति पुग्यो । प्रचण्ड तीनपटक र बाबुराम भट्टराई एकपटक प्रधानमन्त्री भयो । त्यस्तै, पटकपटक माओवादी सरकारमा गयो । तर, सिन्को भाँचेन । अहिलेपनि साना पार्टीलाई एकजुट बनाएर प्रचण्ड सरकारमा जान पाइन्छ कि भनेर दाउ खेलिरहेका छन् । उनले हालै नेकपाको गठन गरेका छन्, जसको संयोजक उनी आफैं हुन् । माओवादीले त्यतिबेला काँग्रेसलाई सरकार बनाउन दिएको भए, सायदै जेनजी आन्दोलन हुन्थ्यो। आन्दोलनमा न दर्जनौंले ज्यान गुमाउनुपर्थ्यो न खर्बौंको सरकारी सम्पत्तिमा क्षति पुग्थ्यो । न चुनाव भएको केही महिनाकै बीचमा फेरि चुनाव गराउनुपर्ने बाध्यता आइपर्थ्यो । चुनाव गर्दा अहिलेपनि अर्बौं रुपैयाँ खर्च हुने प्रक्षेपण गरिएको छ । त्यसको स्रोत भनेकै जनताले तिरेको कर र वैदेशिक ऋण हो । यता, फेरिपनि जनता घण्टौं लाइनमा उभिनुपर्ने भयो, मँहगीको मार खेप्नुपर्ने भयो । तर, प्रचण्डलाई आफूले के गरे ? भन्ने अहिलेपनि अनूभूति भएको छैन । उनी अरुमाथि हिलो छ्यापेर आफू सग्लो बन्ने प्रयास गरिरहेका छन्। फागुन २१ के निर्वाचनपछि पनि कुनै पार्टीको बहुमत आउँदैन । जति नै एकजुट भएपनि नेकपालाई १० सीट ल्याउन गाह्रो छ । १० सीट ल्याएपनि प्रचण्डलाई प्रधानमन्त्री खानैपर्ने हुन्छ। त्यसपछि प्रचण्डले फेरि भाँडभैलो गर्छन् । कुटेर हुन्छ कि लुटेर हुन्छ कि थर्काएर, प्रचण्डलाई सत्तामा जानैपर्ने हुन्छ । त्यसपछि देशमा फेरि अशान्ति हुन्छ । काम नगर्ने, एउटाले अर्कोलाई हिलो छ्याप्ने क्रम शुरु हुन्छ । जनता पुन: आक्रोशित हुन्छन् । यस्तै आन्दोलन हुन्छ । देशले फेरि खर्बौंको क्षति व्यहोर्छ। वैदेशिक ऋण ल्याएर अर्को चुनाव गराउनुपर्छ । जबसम्म प्रचण्डसहितका पुराना दल राजनीतिमा रहन्छन्, तबसम्म यो देशले निकास पाउने देखिँदैन । सधैं एउटै किचलोले देशलाई त तहसनहस बनाइ नै सक्यो। यहाँका जनताले पनि कहिल्यै सु:खको सास फेर्न नपाउने भए । देशमा आर्थिक मन्दी छ । सहकारीपछि बैंकमा संकट देखिन थालेकेको छ । हरेक क्षेत्र डामाडोल अवस्थामा छ । घरजग्गा, गाडी, सुन, सेयरको कारोबार आरोलो आगेको धेरै भइसकेको छ । सुशीला कार्की प्रधानमन्त्री भएको तीन महिना बितेको छैन । उनले ५५ अर्ब ३६ करोड रुपैयाँ वैदेशिक ऋण लिइसकेकी छिन् । पहिल्यै मुलुक वैदेशिक ऋणले थिलथिलो बनेको छ । फेरि वैदेशिक ऋण ल्याएर चुनाव गराइँदैछ । जनताको थाप्लोमा ऋणको भार थपिएको थपिऐ छ भने देशलाई ऋणले नै सकाउने अवस्थामा पुर्याएको छ । २९ खर्ब ४२ अर्बको वर्षेनि साँवाब्याज तिर्नुपर्छ । आयस्रोत केही छैन, सरकार ऋण लिएको लियै छ । राजनीतिक दलहरुलाई देशको चिन्ता छैन । नत्र यसरी देश नै धितो राखेर ऋण लिँदैनथें होला । अहिले पनि जनतालाई भ्रमित बनाउने काम राजनीतिक दलहरुले गरिरहेक छन् ।

तर, अब जनता सचेत हुन जरुरी छ । जनताले पटकपटक उही राजनीतिक दलका एउटै अनुहारलाई भोट दिएर हेरिसकेका छन् । उनीहरुबाट न हिजो देशमा कुनै उपलब्धि भएको थियो न भोलि हुनेछ । त्यस्ता दलको आश्वासनमा फस्ने होइन। नत्र देश कहिल्यै निस्किने नसक्ने जालोमा गएर फस्नेछ। जनता फाइदा हुन्छ, त्यता ढल्किने नेताहरुको अनुहार जनताले पहिचान गरिराख्नुपर्छ। गलत नेताहरुलाई भोट दिनुको साटो भोट नै नदिऔं। अनि मात्र नेताहरुको चेतना खुल्ला, देशले निकास पाउला।**-डिसी नेपाल डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोजगारमा सफलता मिल्नेछ । कार्यक्षेत्रमा संघर्ष गर्नुपर्ला । | **तुला** : व्यवहारलाई सरल राख्ने प्रयास गर्नुहोला। नयाँ कामको थालनी हुनेछ। |
| **वृष** : अँटिको कार्यमा सफलता मिल्नेछ । आय आर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन् । | **वृश्चिक** :आफन्तहरूको साथपाइनेछ ।विद्यार्थीहरूको पढाइमा मन लाग्नेछ । |
| **मिथुन** : योजनाहरू पूरा हुनेछन् । सभा समारोहमा सम्मानित भइएला । | **धनु** : दौडधुप गर्नुपर्ला । व्यावहारिक त्रूटीले आलोचना हुन सक्छ । |
| **कर्कट** : नयाँ अवसरहरू मिल्नेछन् । नोकरीको खोजीमा सफलता मिल्नेछ । | **मकर** : भविष्यलाई लिएर योजनाहरु कोरिनेछन् । स्वास्थ्य सबल रहनेछ। |
| **सिंह** : अबसरवादीहरूबाट सावधान र हनुहोला। धर्म कर्मतर्फ मन जानेछ। | **कुम्भ** : आर्थिक पक्ष सबल रहनेछ । सन्तुलित आहार अपनाउनुहोस्। |
| **कन्या** : बुद्धि र धन खर्च गर्नुपर्ला । जीवनसाथीको साथ र सहयोग पाइनेछ। | **मीन** : गोप्य कुराहरू सार्वजनिक नगर्नुहोला । योग्यताको मूल्यांकन हुनेछ । |

## शिक्षा

# 'अभिमन्यु : च्याप्टर-१' चलचित्रको तारिफ




**काठमाडौं,** 'अभिमन्यु : च्याप्टर-१' मंसिर १८ गते नेपाली र हिन्दी भाषामा नेपालभर एकसाथ प्रदर्शनमा आउँदै छ । लामो समयदेखि स्थगित हुँदै आएको यो सिनेमा अन्तत: प्रदर्शनमा आउन लागेपछि दर्शकमाझ उत्सुकता बढेको छ । केही संयोगबीच रिलिज हुने 'अभिमन्यु : च्याप्टर-१' किन हेर्ने भन्ने सोधाइमा अधिकांसले त्यसको तारिफ गरेका छन् ।

सोमबार साँझ ललितपुरस्थित लविम महलको क्यूएफएक्समा हलमा गरिएको प्रिमियरमा सिनेमा हेर्ने दर्शकले 'अभिमन्यु : च्याप्टर-१'को खुलेर तारिफ गरेका छन् । चलचित्रको सरप्राइजिङ स्टोरी, कथ्य शैली र अभिनयको अधिकांशले तारिफ गरेका हुन् । 'अभिमन्यु : च्याप्टर-१' हेरेपछि अभिनेता दिव्यदेव पन्तले खुलेर तारिफ गरेका छन् । प्रिमियर शोमा सहभागी भएर सिनेमा हेरिसकेपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले 'अभिमन्यु : च्याप्टर-१'को कथावस्तु, निर्देशन र कलाकारहरूको अभिनय अब्बल रहेको प्रतिक्रिया दिए । कुराकानीमा दिव्यदेवले फिल्ममा महिला कलाकारहरूको प्रस्तुतिलाई विशेष जोड दिए । उनले भने, "सामान्यतया सिनेमामा महिला पात्रलाई जसरी देखाइन्थ्यो वा कन्भिन्स् गराइन्थ्यो, त्यो परम्परालाई यो फिल्मले तोडेको छ । पर्फर्मेन्सको हिसाबले यो एकदमै उत्कृष्ट छ ।" फिल्मको मेकिङ पक्षको प्रशंसा गर्दै दिव्यदेवले निर्माता विनोद (विनोद पौडेल)को आँटको कदर गरे । उनले भने, "विनोद दाइले 'पूर्णबहादुरको सारङ्गी' मा जस्तै यसमा पनि 'अन्डररेटेड' (प्रतिभा भएर पनि ओझेलमा परेका) कलाकारहरूलाई विश्वास गरेका छन् । बजारमा चलेका नाम चलेका स्टार खोज्नुको साटो उनले राम्रो कलाकार, राम्रो निर्देशक र बलियो कथामा लगानी गरेका छन् ।

यसको प्रतिफल 'अभिमन्यु : च्याप्टर-१'मा देखिन्छ ।" 'अभिमन्यु : च्याप्टर-१' किन हेर्ने भन्ने प्रश्नमा दिव्यदेवले दर्शकलाई ढुक्क भएर हलसम्म जान सुझाव दिए । उनले प्रिमियरमा सहभागी भएर औपचारिकताका लागि मात्र तारिफ नगरेको स्पष्ट पार्दै भने, "कलाकारले प्रिमियरमा राम्रो भनिहाल्छन् भन्ने सोच होला, तर म मनैदेखि भन्दैछु, यो फिल्मको कथाले बाँधेर राख्छ । यो फिल्म हेरेर तपाईंहरू पछुताउनुहुन्न ।" निर्देशक सोभित बस्नेतले नेपाली सिनेमा क्षेत्रमा आएको परिवर्तनलाई विश्लेषण गर्दै भने, "अहिले जति पनि नेपाली चलचित्र बढी चलिराख्या छ, त्यसमा कलाकारको चलचित्र चलिराख्या छन् । योभन्दा पहिला स्टारका चलचित्र चल्थे, अहिले कलाकारका चलचित्र चल्न थाल्या छन् ।" उनले दर्शकले अहिले अनुहार भन्दा पनि अभिनय र प्रतिभालाई प्राथमिकता दिन थालेको बताए । 'अभिमन्यु : च्याप्टर-१'को कथावस्तुबारे बोल्दै उनले भने, "मज्जाले लास्टसम्म बाँधेर राख्छ । हरेक क्षण अब के हुन्छ, अब के हुन्छ भन्ने कौतुहलता फिल्ममा देखिन्छ ।" फिल्मका मुख्य पात्र कामेश्वर चौरसियाको प्रशंसा गर्दै उनले भने, "अभिमन्युमा पनि कामेश्वरजस्तो अत्यन्त राम्रो कलाकार छ, त्यसले गर्दा यो फिल्म चल्नुपर्छ ।" उनले कामेश्वरका विगतका फिल्म रिलिज हुँदा केही घटनाहरू घट्ने गरेको भए पनि यसपटक भने राम्रो हुने विश्वास व्यक्त गरे । साथै, उनले सेभेन सिज सिनेमाले 'पूर्णबहादुरको सारङ्गी' जस्तै यो फिल्म पनि राम्रो बनाएको बताए । मोडल तथा अभिनेत्री अलिशा बास्तोलाले फिल्म हेर्दा आफूलाई भित्रैबाट 'ब्लकबस्टर' हुन्छ जस्तो महसुस भएको बताइन् । उनले भनिन्, "हामीले जसरी साउथ इन्डियन फिल्महरू एकदम कौतुहलताका साथ हेर्छौं, यो फिल्ममा पनि अब के हुन्छ, अब के हुन्छ भन्दै अन्तिमसम्म त्यसरी नै हेरिन्छ ।" उनले फिल्मको सबै पक्ष 'अथेन्टिक' र उत्कृष्ट रहेको बताइन् । सेभेन सिज ब्यानरबाटै आफूले डेब्यु गरेको बताउँदै उनले भनिन्, "मेरो आफ्नै ब्यानर हो, मलाई एकदम मन छ, यसले 'पूर्णबहादुरको सारङ्गी' को रेकर्ड तोडोस शुभकामना ।" अर्की मोडल तथा अभिनेत्री रुषा न्यौपानेले नेपालमा चलिरहेको ट्रेन्डभन्दा फरक फिल्म आएको बताउँदै यो फिल्म हेरेर दर्शक पछुताउनु नपर्ने ग्यारेन्टी दिँदै हलसम्म आउन आग्रह गरिन् । उनको भनाइ थियो "नेपालमा फ्यामिली ड्रामा र सेन्टिमेन्टल फिल्म चलिरहेको बेला यो सस्पेन्स थ्रिलर र महिला केन्द्रित सिनेमा आएको छ। यसले निर्माताहरूलाई नयाँ जनरा एक्सप्लोर गर्न हौसला दिनेछ ।"

फिल्ममा अभिनेत्री लक्ष्मी बर्देवाले निर्वाह गरेको भूमिकाको तारिफ गर्दै उनले भनिन्,"उनले त न्याय गर्नुभएकै छ, तर बिइङ एन एक्टर (एक कलाकारको रूपमा) त्यो क्यारेक्टर देख्दा, यो रोल मैले गर्न पाएको भए हुन्थ्यो भन्ने फिल आइरहेको थियो ।" कमेडीयन भरतमणी पौडेलले फिल्मले दाइजो प्रथाजस्तो गम्भीर सामाजिक विषयवस्तु उठाएको र सस्पेन्सले भरिपूर्ण रहेको प्रतिक्रिया दिए । चलचित्र 'अभिमन्यु : च्याप्टर-१' यही बिहीबारबाट रिलिज हुनेछ । सेभेन सिज सिनेमाको प्रस्तुति निर्माण भएको 'अभिमन्यु : च्याप्टर १' मा कामेश्वर चौरसिया, सरिता गिरी, किरण श्रेष्ठ, लक्ष्मी बर्देवा, गौमाया गुरुङ, प्रकाश दाहाल, शिशिर वाङ्देल मुख्य भूमिकामा छन् ।

प्रिमियरपछि चलचित्रका मुख्य अभिनेता कामेश्वर चौरसिया मिडियासामु निकै भावुक देखिए । लामो संघर्षपछि मुख्य भूमिका निर्वाह गर्न पाएकोमा खुसी व्यक्त गर्दै उनले भने, "कलाकार बन्नको लागि स्क्रिप्ट नै चाहिदो रहेछ । अहिलेसम्म मैले जति काम गरेँ, सबैले सराहना गरे तर लिड क्यारेक्टरको लागि एउटा बलियो लिखित दस्तावेज नै चाहिन्छ । जे गरेँ, यहाँ आइपुग्नकै लागि रहेछ ।" किरण श्रेष्ठले 'अभिमन्यु : च्याप्टर-१'मा अनुभवी र दिग्गज कलाकारहरूसँग काम गर्न पाएकोमा खुसी व्यक्त गरे । "तपाईंले त सोचेभन्दा राम्रो काम गर्नुभएछ नि ?" भनेर सोध्दा उनले मुस्कुराउँदै स्वीकार गरे र आृनो भूमिकाप्रति सन्तुष्टि जनाए । उनले आफूले गरेको मिहिनेत पर्दामा राम्रो देखिएकोमा खुसी व्यक्त गरे । अभिनेत्री लक्ष्मी बर्देवाले आफू यो फिल्मको सुटिङ गर्दा सुत्केरी हुने अवस्थामा (प्रेग्नेन्ट) रहेको खुलासा गरिन् । उनले स्क्रिप्ट पढ्दादेखि नै क्यारेक्टर मन परेको र शारीरिक अवस्था जटिल भए पनि फिल्मको टिम र कथावस्तु उत्कृष्ट भएकाले काम गरेको बताइन् । उनले भनिन्, "सुरुमा स्क्रिप्ट पढ्दाभन्दा पर्दामा फिल्म हेर्दा अझ राम्रो बनेको पाएँ ।" अर्की अभिनेत्री सरिता गिरीले पुरुष प्रधान फिल्महरू बनिरहेको समयमा 'अभिमन्यु' महिला केन्द्रित फिल्म बनेको र पुरुष पात्रहरूले त्यसलाई सपोर्ट गरेको देख्दा खुसी लागेको बताइन् । यो चलचित्र नेपाली र हिन्दी दुवै भाषामा नेपालभरका साथै विश्वव्यापी रूपमा प्रदर्शन गरिँदै छ ।

सुशान्त गौतमले निर्देशन गरेको 'अभिमन्यु'को क्रिएटिभ निर्देशक मदन थापा हुन् । यस चलचित्रमा मुकेश खनालको लेखन रहेको छ । 'अभिमन्यु : च्याप्टर १' का निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन् । रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता रहेको चलचित्रका कार्यकारी निर्माताामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ रहेका छन् । सिनेमाको लाइन प्रोड्युसरमा जीवन शाक्य रहेको छन् । शरद महतो डिओपी रहेको यस चलचित्रमा मनोज श्रेष्ठको भिएफएक्स, जुनिम गहतराजको रंग संयोजन, मदन घिमिरेको सम्पादन रहेको छ ।

# 'डल्लेले इन्ट्री मार्‍यो' चैत २७ बाट प्रदर्शन




आगामी चैत २७ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'डल्लेले इन्ट्री मार्‍यो' को फर्स्ट लुक्स सार्वजनिक भएको छ । निर्माण टिमले सोमबार फिल्मको पहिलो पोस्टर सार्वजनिक गरेको हो ।

पोस्टरमा मुख्य अभिनेता सागर लम्साल (बले) को लुक्स देख्न सकिन्छ । उनी हातको औंलाले सिगरेट तानेर झुम्म परेका दृश्यमा देखिएका छन् । कतै-कतै सिगरेट तान्दा उनी निदाएका जस्तो देखिनु उनको क्यारेक्टरको विशेषता झल्काउँछ । पोस्टरले युवापुस्तामा बढ्दो कुलतप्रति निर्देशकले केही सन्देश दिन खोजेको अनुमान गर्न सकिन्छ । पोस्टरमा केवल सागर लम्साललाई मात्रै देखाइएको छ, अन्य कलाकार समावेश गरिएको छैन ।

फिल्मको अधिकांश छायांकन कास्कीको याङ्जाकोटमा भएको हो भने करिब १० प्रतिशत दृश्य काठमाडौंको गागलफेदी आसपास खिचिएको छ । फिल्म राजु गिरी को निर्देशनमा तयार भएको हो । पटकथा र संवाद लक्ष्मण सुवेदी ले लेखेका छन् । उनले यसअघि आधा दर्जनभन्दा बढी फिल्म लेखन र निर्देशन गरिसकेका छन् । फिल्ममा सागर लम्साल (बले) का अलवा रोशनी खड्का, रमेश बुढाथोकी, हेमन्त बुढाथोकी, रबिन्द्र झा, कैलास रावत, बिशाल पहाडी, ध्रुव कोइराला, साबित्रा चिलुवाल, आशा पौडेल, लक्ष्मीनाथ तिमिल्सिना, ओसिन भट्टराई, मोहनकृष्ण श्रेष्ठ, सुचेन्द्र परियार, रामहरि खड्का, रमेश अधिकारी,माधबा खनाल,सुस्मा केसी नबराज गिरि लगायत कलाकारको अभिनय छ । निर्देशक राजु गिरी स्वयंले पनि अभिनय गरेका छन् । बालकलाकारमा कंगना गिरी,रोनिश खड्का र काजल गिरी रहेका छन् । मुख्य सहायक निर्देशक बिनयराज पौडेल, छायांकन श्याम तामाङ, निर्माण व्यवस्थापन सुमन काफ्ले, कथा उमेश कुमार बस्नेत, र निर्माता सावित्री चिलुवाल, आशिक बस्नेत, आदर्श बस्नेत, निर्मला बस्नेत, सरिता पुरी गिरी रहेका छन् । फिल्म उषा फिल्म्स प्रालि को ब्यानरमा निर्माण भएको हो भने वितरण नेसनल सिने ग्रुपले गर्नेछ ।

**डिसी नेपाल डटकम**

# २२ वर्षपछि पुनर्जीवित भयो 'पाहुना' गीत





स्वर्गीय निर्देशक शिव रेग्मीले लेखेका थुप्रै गीतहरूमध्ये 'पाहुना' कालजयी मानिन्छ । सन् २००३ मा प्रदर्शन भएको फिल्म 'पाहुना'मा उक्त गीत समावेश थियो । यही गीतलाई नयाँ एरेन्जमेन्टसहित निर्देशक रेग्मीकै भान्जी एकता पौडेलले आफ्नो पहिलो निर्देशकीय फिल्म 'हर्ष'मा समावेश गर ेकी छन् । यो गीत सोमबार युट्युबमार्फत सार्वजनिक गरिएको छ । समीर-हिमालको कम्पोज तथा वसन्त सापकोटाले पुन: उत्पादन गरेको गीतमा गरिमा अधिकारीको स्वर छ । गीतले मानिसको जीवन यस संसारमा पाहुनाजस्तै क्षणिक मात्र हो भन्ने गहिर ो सन्देश दिएको छ । गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू वर्षा र ाउत, खगेन्द्र लामिछाने र साइमन वादी लगायतलाई देख्न सकिन्छ ।

गत शुक्रबारबाट प्रदर्शनमा आएको 'हर्ष'ले बक्स अफिसमा अपेक्षित व्यापार गर्न नसकेको भए पनि दर्शकबाट सुखद प्रतिक्रिया बटुलिरहेको छ । फिल्मको विषयवस्तु प्रभावकारी रहेको भन्दै प्रशंसा भइरहेको छ भने बाल कलाकार साइमनको अभिनयले दर्शकको ध्यान खिचेको छ । 'माउथ पब्लिसिटी'को प्रभावले फिल्मको व्यापार वृद्धि हुनेमा निर्माण टिम विश्वस्त देखिएको छ । वंशको विषयलाई मुख्य कथावस्तु बनाइएको यस फिल्ममा खगेन्द्र, वर्षा र साइमनसहित नीर शाह, सन्तोष पन्त, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, लुनिभा तुलाधर, अंशु महर्जन, सुवर्ण थापा, सिर्जना नापित लगायतको अभिनय रहेको छ । फिल्ममा प्रशन्न पौडेल र विकास पौडेल निर्माताामा छन् भने हिक्मत चोखाल कार्यकारी निर्माता हुन् । **फिल्मीखबर डट कम**


# सामन्था रुथ प्रभुले गरिन् राज निदिमोरुसँग विवाह

दक्षिण भारतीय अभिनेत्री सामन्था रुथ प्रभु र निर्देशक राज निदिमोरुले सोमबार बिहान विवाह गरेका छन् । दुवैजनाले इन्स्टाग्राममार्फत यसबारे जानकारी दिएका छन् ।

विवाह समारोह सोमबार बिहान ईशा योग केन्द्र भित्र रहेको लिंग भैरवी मन्दिरमा विवाह भएको थियो । विवाहमा ३० जना मात्र पाहुना उपस्थित रहेको उल्लेख छ । विवाहमा सामन्थाले रातो साडी लगाएकी थिइन् । आइतबार राति अबेरसम्म यी दुई विवाहको तयारीमा छन् कि छैनन् भन्ने बारेमा अड्कलबाजी सुरु भएको थियो । राजकी पूर्वपत्नी श्यामली डेले आृनो इन्स्टाग्राम स्टोरीमा 'हताश मानिसले हताश काम गर्छन्' भन्ने रहस्यमय अभिव्यक्तिसहितको स्टाटस पोस्ट गरेकी थिइन्, जसले गर्दा धेरै आश्चर्यचकित भए । श्यामली र राजले सन् २०२२ मा सम्बन्धविच्छेद गरेका थिए । सन् २०२४ को सुरुवातमा राज र सामन्थाको बढ्दो निकटताको बारेमा चर्चा सुरु भएको थियो । विगत एक वर्षमा, सामन्थाले सामाजिक सञ्जालमा राजसँगका फोटो पोस्ट गर्दै सावधानी अपनाएको बताएकी थिइन् ।

सामन्थाको पहिले विवाह अभिनेता नागा चैतन्यसँग भएको थियो । यद्यपि, विवाह गरेको ४ वर्षपछि उनीहरू अलग भए र उनले अभिनेत्री शोभिता धुलिपालासँग विवाह गरे ।**अनलाइनखबर डटकम**

# लुम्बिनी र रामग्राममा तेस्रो संस्करणको 'विश्व शान्ति कार्यक्रम' हुँदै



**काठमाडौँ,** मङ्सिर १६ / 'समृद्ध भविष्यका लागि शान्ति'को आह्वानसहित यही मङ्सिर २५ देखि २७ गतेसम्म लुम्बिनी र रामग्राममा तेस्रो संस्करणको 'विश्व शान्ति कार्यक्रम' आयोजना गरिएको छ ।

द प्रमिस्ड ल्यान्ड फाउन्डेसनको मुख्य आयोजनामा हुने सो कार्यक्रममा नेपालसहित संयुक्त राष्ट्र सैका सांस्कृतिक राजदूत, अन्तरराष्ट्रिय व्यापारिक नेता, अर्बपति, विद्वान, कलाकार, युवा र सामुदायिक प्रतिनिधिसहित १० हजारभन्दा बढीको सहभागिता रहनेछ । त्यस अवसरमा विश्वका २५ अर्बपतिहरू नेपालमा अवसरहरू अन्वेषण गर्न आृनो पहिलो सामूहिक भ्रमणमा भेला हुने कार्यक्रमको मिडिया संयोजक सुलोचना खतिवडाले जानकारी दिए ।बुद्धको जन्मस्थल लुम्बिनी र बुद्धको अक्षुण्ण अवशेष रहेको रामग्राममा अवस्थित विश्व शान्ति कार्यक्रमको तेस्रो संस्करणमा नेपालको आध्यात्मिक सम्पदा, शान्ति र समृद्धिलाई केन्द्रमा राखिएको छ । साथै संयुक्त राष्ट्र सैको दिगो विकास लक्ष्यहरू, विशेषगरी एसडिजी-१६ शान्ति, न्याय र बलियो संस्थाहरूको भावनासँग नजिकबाट मिल्दोजुल्दो रहेको आयोजक दाबी छ । तीन दिनसम्म सञ्चालन हुने सो कार्यक्रममा शान्ति, जलवायु, विकास, आन्तरिक कल्याण र सामाजिक न्यायमाथि संवाद, व्यावहारिक शान्ति निर्माण र दैनिक नेतृत्वसम्बन्धी युवा र समुदाय-केन्द्रित सत्रहरू गरिने जनाइएको छ । महिला, आदिवासी समुदाय र सीमान्तकृत आवाजहरुका सवालमा बहस, रचनात्मकताको उपचार र एकताबद्ध शक्तिलाई उजागर गर्ने सांस्कृतिक प्रदर्शन, संगीत र कलात्मक प्रदर्शनी हुने छन् । विश्व शान्ति कार्यक्रम २०२३ मा सुरु भएको थियो । जसमा संयुक्त राष्ट्र सैका महासचिव एन्टोनियो गुटेरेसले लुम्बिनीको अफ्नो ऐतिहासिक भ्रमण गर्नुभएको थियो । तेस्रो संस्करणको शान्ति कार्यक्रममा तीन देशका पूर्वराष्ट्रप्रमुखको पनि आगमन रहने संयोजक खतिवडाले जानकारी दिए । सो कार्यक्रमका लागि नेपाल पर्यटन बोर्ड प्रवर्द्धनात्मक र काठमाडौँ विश्वविद्यालयले शैक्षिक साझेदारी गरेको छ । कार्यक्रमको दोस्रो दिन रामग्राम स्तूपामा एक प्रमुख दीप अर्पण गर्ने आयोजकको तयारी छ । कार्यक्रममा सांस्कृतिक प्रदर्शनी, संगीत र कलात्मक अभिव्यक्तिका सत्रहरु पनि हुने जनाइएको छ । कार्यक्रमका बारेमा जानकारी दिन आज आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्थाका अध्यक्ष निकेश अधिकारीले लुम्बिनीबाट विश्वमाझ शान्तिको सन्देश छर्न कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।-*रासस*

## खेलकुद समाचार

### एनपिएलमा जनकपुरको पहिलो जित

**काठमाडौँ,** मंसिर १६/ राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत मंगलबारको पहिलो खेलमा साबिक विजेता जनकपुर बोल्ट्स विजयी भएको छ । जनकपुरले चितवन राइनोजलाई ६ विकेटले हरायो जनकपुरको प्रतियोगितामा पहिलो जित हो । यसअघि लगातार चार खेल हारेको जनकपुरले आज दुई अंक जोड्यो । चितवनले भने पाँच खेलबाट दुई खेल मात्रै जितेको छ । जितका लागि पाएको १७७ रनको लक्ष्य १७.३ ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो । यसमा माज सदाकत र अनिल साहले उत्कृष्ट ब्याटिङ गर्दै अर्धशतक जोडे । माजले ६३ र अनिलले ६१ रन बनाए ।बलिङतर्फ चितवनका कमलसिंह ऐरी, साहिल तनवीर र अमरसिंह रौटेलाले एक/एक विकेट लिए । यसअघि त्रिभुवन विश्वविद्यालय अन्तरराष्टिूय क्रिकेट रङगशाला, कीर्तिपुरमा चितवनले टस जितेर ब्याटिङ पहिला ब्याटिङ गरेकामा निर्धारित २० ओभरमा चार विकेटको क्षतिमा १७६ रन बनायो । जसमा ओपनरद्वय डेविड मलान र अर्जुन साँउदले अर्धशतक हिर्काए ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्सेमा झिनो गिरावट



**पाल्पा,** मङ्सिर १६/ नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अंकको गिरावट देखिएको छ । मंगलबार नेप्से परिसूचक शून्य दशमलव ५३ अंकले घटेर दुई हजार ६४४ दशमलव ७० को विन्दुमा कायम भएको हो ।

३२४ कम्पनीको एक करोड आठ लाख १० हजार १०६ कित्ता शेयर ५६ हजार नौपटक खरिदबिक्री हुँदा रु चार अर्ब ४८ करोड १३ लाख ९४ हजार १४९ बराबरको कारोबार भएको छ । कारोबारमा बैकिंङ शून्य दशमलव ५८, होटल तथा पर्यटन शून्य दशमलव ६२, लगानी शून्य दशमलव ०४, जीवन बिमा शून्य दशमलव ५७ र लघुवित्त समूह शून्य दशमलव ०६ प्रतिशतले घटेको छ । अरू सबै समूहको उपसूचक बढेको छ । विकास बैंक शून्य दशमलव १७, वित्त शून्य दशमलव २७, जलविद्युत् शून्य दशमलव ७०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५१, म्युचुअल फन्ड शून्य दशमलव २५, निर्जीवन बिमा शून्य दशमलव २६ र व्यापार समूहको उपसूचक शून्य दशमलव ७५ प्रतिशतले बढेको छ ।कारोबारमा ६ कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सागर डिस्टिलरी लिमिटेड, स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड, झापा इनर्जी लिमिटेड, मबिलुङ इनर्जी लिमिटेड, बुँगल हाइड्रो लिमिटेड र श्रीनगर एग्रिटेक इन्ड्रस्टिज लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । सबैभन्दा धेरै गुमाउनेमा भने ग्रिन भेन्चर्स लिमिटेडको शेयर मूल्य नौ दशमलव ८५ प्रतिशतले घटेको छ ।


**Kaligandaki Rural Municipality**
**Office of Rural Municipal Executive**
**Purtighat, Gulmi, Nepal**

## Invitation for Online Bids

**Date of publication: 3rd December 2025(2082-08-17)**

**1.** Kaligandaki Rural Municipality invites electronic bids from eligible bidders for the **below mentioned work**under National Competitive Bidding Procedures.The details of the project is as follows:

| S.N | Contract No. | Contract Name | Bid Security Amount(N rs) | Cost of Bid Document(N rs) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| 1 | KRM/NCB/GOODS /2082/2083-04 | Procurement of Materials and Transportation up to Road Head Site ( kaligandaki-07 Sera Turi Khola) | 55000.00 | 3000.00 | 02-01-2026 12:00 PM | 02-01-2026 14:00 PM |

**2.** Bidders can get further information from office of Kaligandaki Rural Municipality, Purtighat, Gulmi, Fascaline No. 9857067925/ 9857089605, website **https://kaligandakimungulmi.gov.np/** or visit PPMO's website: **www.bolpatra.gov.np/egp .**

**3.** Any amendment in the tender notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Kaligandaki Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**
**Kaligandaki Rural Municipality**



**बिमालेख हराएको सूचना**

यहि मिति २०८२/०७/३ गतेका दिन **साइनिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**को रुविना थोकरको नाममा जारी बिमा पोलिसी नम्बर ५०१०००००००४६९ को बिमालेख तानसेनको बर्तुङ्गदेखि तानसेन बसपार्कतर्फ आउँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

**नाम :** रुविना थोकर
**ठेगाना :** बागमती गा.पा.-७, ललितपुर
**सम्पर्क नं. :** ९७०४५४५९३७



**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१



मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई